जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ६, २०८२ भदौ १२ गते विहीबार, 28 Aug 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

बागमतीमा अब ‘नो हेलमेट, नो फ्युल’

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले ‘नो हेलमेट, नो फ्युल’ अभियान कार्यान्वयन गर्न निर्देशन दिएका छन् । उनले हेलमेट प्रयोग नगर्नेलाई इन्धन नदिने अभियानमा कडाइ गर्न सुरक्षा निकायलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित एक कार्यक्रममा मुख्यमन्त्री बानियाँले उक्त अभियान कार्यान्वयन गर्न नेपाल आयल निगम र नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनको बागमती प्रदेश समितिलाई पत्राचार गरिने बताए ।

अभियानको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि जिल्ला प्रशासन कार्यालयहरु र सुरक्षा निकायहरुलाई समेत जिम्मेवारी तोकिने बताइएको छ । छ । एसोसिएसनले आफ्ना सदस्य पेट्रोल पम्पहरुमा ‘नो हेलमेट, नो फ्युल’ सम्बन्धी सचेतनामूलक सन्देश बोर्ड राख्ने व्यवस्था मिलाउन मुख्यमन्त्री बानियाँले निर्देशन दिएका छन् ।

प्रदेशमा बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न सुरक्षा निकाय र सरोकारवालाहरुसँगको सहकार्यमा कडा कदम चाल्न उनले निर्देशन दिएका छन् ।

त्यसका अतिरिक्त, सवारी चालकले मादक पदार्थ र लागू पदार्थ सेवन गरेरनगरेको जाँचलाई नियमित र कडा बनाउन, सवारी दुर्घटनामा कमी ल्याउन र ट्राफिक सचेतना अभिवृद्धि गर्न सम्बन्धित सबै निकायलाई प्रभावकारी रुपमा काम गर्न उनले निर्देशन दिएका छन् ।

हेटौंडा सिमेन्टको उत्पादन सुरू

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा सिमेन्ट उद्योगले पुन: उत्पादन सुरू गरेको छ । उद्योगका मेसिनहरु मर्मत सम्भार सकिएपछि उत्पादन सुरू गरिएको उद्योगका सूचना अधिकृत हरेराम आचार्यले बताए ।


मेसिनमा समस्या देखिएपछि गत वैशाखदेखि उद्योग बन्द भएको थियो । मेसिन मर्मत गरी कोइला व्यवस्थापन भएपछि उत्पादन सुरू गरिएको निमित्त महाप्रबन्धक इञ्जिनियर रामबाबु साहले बताए ।

‘उद्योग चलाउन हामीलाई कोइलाको समस्या थियो । सिमेन्ट उत्पादन गरी बिक्री गरेर भुक्तानी गर्ने शर्तमा करिब एक हजार टन कोइला व्यवस्थापन गरेका छौं’, साहले भने ‘कोइलाको व्यवस्थापनसँगै हामीले उत्पादन सुरू गरेका छौं ।’

२०३३ मा सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरू गरेको थियो । तर आर्थिक समस्यालगायत कारण उद्योग बन्द हुने खुल्ने क्रम चलिरहेको छ । यसअघि गत वैशाख दोस्रो सातादेखि उद्योग सञ्चालन गरी करिब एक लाख बोरा सिमेन्ट उत्पादन गरेको आचार्य बताउँछन् ।

उद्योगसँग धादिङको जोगीमारा तथा मकवानपुरको ओखे, मजुवा र भैंसे गरी चार ठाउँमा चुनढुङ्गा खानी छ । पुरानो प्रविधि, उपकरण, बजारको अभाव, मूल्य समायोजन नहुनु, दरबन्दी अनुसार कर्मचारी नहुनु, प्रतिस्पर्धात्मक बजारलगायत समस्याका कारण उद्योग सञ्चालन गर्न कठिनाइ भएको बताइएको छ ।

चोक चोकमा दशैंको झ-झल्को



विश्वकर्मा मुर्तिले सजिदै

○ सरिता दाहाल

मकवानपुर । दशैंको घटस्थापनादेखि नवदुर्गा पूजा गर्नको लागि चोक चोकमा दुर्गाको मुर्ति बनाइन्थ्यो । व्यक्तिको घरघरमा दुर्गा पूजा गर्ने प्रचलन चोक चोकमा तुलातुला दुर्गा मुर्ति बनाएर सामुहिक पूजा गर्ने प्रचलन बढ्यो । अब चोकचोकमा मुर्ति बनाउने प्रचलन दशैंमा मात्रै सिमित रहेन, विश्वकर्मा पूजाको लागि पनि उही नक्कल हुन थालेको छ ।

विश्वकर्मा पूजा असोज १ गते एक दिनमात्रै मनाइन्छ,तर एकै दिनको लागि बनाइने विश्वकर्मा मुर्तिहरूमा गरिने लगानी अधिक हुने गरेको छ । भदौको दोस्रो साताबाटै हेटौंडामा विश्वकर्माको मूर्ति बनाउन मूर्तिकारलाई म्याइनम्याइ सुरू भएको छ ।

असोज १ गते विश्वकर्मा पूजाका दिन विश्वकर्माको पूजा आराधना गर्दै उत्सव मनाउन मुर्ति निर्माणको प्रकृया सुरू भएको हो । यो पुरानो प्रचलन भने हैन, दुर्गा पूजाको लागि मुर्तिहरू बनाइने प्रचलनको नक्कल सुरू भएको हो ।

मूर्तिकार महोमद शाहले असोज १ गते मूर्तिको माग बढी हुने भएकाले अहिलेदेखि बनाउन थालिएको बताए । विश्वकर्मा पूजाका लागि फरकफरक स्वरूपका कलात्मक मूर्ति बनाउन उहाँलाई हिजोआज म्याइनम्याइ छ ।

हेटौंडाका विभिन्न स्थानमा माटोको मूर्ति निर्माण गर्ने, निर्मित मूर्तिलाई सिँगार्ने, रङ लगाउने, सजाउने, आकर्षक बनाउनेलगायत कार्यमा व्यस्त हुने गरेको शाहले बताए ।

‘पूजाको दिन बजारमा कलकारखाना, उद्योग, औजार र उपकरणलगायत क्षेत्रमा मूर्ति मा बढी हुन्छ। मूर्तिलाई प्रतिस्थापना गरेर पूजाअर्चना गर्ने प्रचलन छ’, उनले भने, ‘बजार मागअनुसार आपूर्ति गर्ने उद्देश्यले साउनको दोस्रो सातादेखि विश्वकर्मा बाबाको मूर्ति बनाउन सुरू गरेको हुँ, पछि हतार गर्नुभन्दा अहिलेदेखि काम गर्द सहज हुन्छ।’

मूर्तिकार शाहले हालसम्म हेटौंडाका विभिन्न स्थानमा मूर्ति निर्माण भइसकेका छन् । माग अनुसार थप मूर्ति बनाउ आफू तयार रहेको उनले बताए । ग्राहकको मागअनुसार विभिन्न दररेटका मूर्ति बनाउने गरेको शाहले उल्लेख गरे । ‘एउटा मूर्ति बनाउन भण्डै एक साता लाग्छ । तीन दशकदेखि मूर्ति निर्माणको कामलाई पेशाको रूपमा अगाँल्दै आएका उनले भने ‘विश्वकर्माको पूजा, छठ पर्व, वडादसैँलगायत चाडपर्वका लागि विभिन्न देवीदेवताका मूर्ति बनाएर बिक्री गर्दै आइरहेको छु, बजार राम्रो छ’, उनले भने ।

मूर्ति निर्माणका लागि माटो, पराल, सुतली धागो, काठ, किला, कपास, बोरालगायत सामग्री प्रयोग हुने शाहले जानकारी दिए । लामो समयदेखि यही पेसाबाट छोराछोरीको शिक्षादिक्षासँगै आठ जनाको परिवारको जीविकोपार्जन भइरहेको उनले बताए ।

नवदुर्गा पूजाको लागि मुर्ति निर्माणमा भने हेटौंडामा भारतीय कलाकारहरू बढी देखिने गर्छन् ।

भारत विहारका अबिल गुप्ता हरेक वर्ष हेटौंडामा मूर्ति बनाउन व्यस्त हुन्छन् । मुर्ति बनाएर करोडौ रूपैया लिएर उनीहरू भारत फर्कन्छन्, यता आर्थिक मन्दीको पीडा खेपीरहेका नेपालीहरू जस्तोतस्तो सामाजिक परम्पराको सिको गर्छन्।

‘काम नगरी खान मिल्दैन । सिजनमा पाइएको काममा आफ्नो सबै समय लगाउने गरेको गुप्ता बताउँछन् ।

दुई हप्तामा एक सयभन्दा बढी मूर्ति तयार गर्छन भारतीय कलाकारहरू । दशैंको संघारमा हेटौंडाको संगमचोक, सिमाचोक, मेनरोडलगायतका स्थानहरूमा दुर्गा पूजाको लागि मुर्तिहरू तयार पारिन्छ । दशैंमा शक्ति स्वरूपा देवी दूर्गाको पूजा गर्ने परम्परा छ । असुरी शक्तिमाथि दैवी शक्तिको विजयी भएको धार्मिक कथनअनुसार घरमा र शक्तिपीठहरूमा देवीलाई पुज्ने गरिन्छ । यो बेला सार्वजनिक स्थलमा देवीको थान स्थापना गरेर दशैंभर भजनकीर्तन गर्दै पूजा गरिन्छ ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

पानी जिन्दगानी

भदौ महिना वर्षाको महिना । वर्षसँगै पानीका मुहान समेत दुषित हुने गर्छ । पानी जीवनको लागि अति आवश्यक पदार्थ । भनिन्छ पानीको कारण ८० प्रतिशत रोग निको हुन्छ र ८० प्रतिशत रोग लाग्छ । मकवानपुरसँग सिमाना जोडिएको मधेस प्रदेशको पर्सा जिल्लामा भदौ पहिलो साता हैजा फैलियो र मानिसको हाताहात भइरहेको छ । एक सातादेखि हैजाको कारण १२५ जनाभन्दा बढी प्रभावित भएका छन् । केहीको मृत्यु समेत भएको छ । वर्षापछिको प्रदुषित पानीको कारण पानी जन्य रोगको कारण विरगंज महानगरपालिका र पोखरिया नगर पालिका हैजाको चपेटामा परेको छ। बुधबार साँझभने हैजा नियन्त्रणउन्मुख भएको स्थानीय सरकारको दाबि छ ।

पानीका कारण वर्षाको मौसममा झाडापखला हैजा आँउ टाइफाइटलगायतका रोग लाग्ने गर्छ । सधै पानी सफा र शुद्ध पिउनु पर्छ, पानीलाई आफैंले पनि शुद्धिकरण गरेर पिउन सकिन्छ ।तर भान्सासम्म आइपुग्ने पानीको मुहान सफा हुनु पनि उत्तिकै जरूरी छ । बजारमा पठाइने प्रशोधित पानीहरूमा समेत फोहोर मेटिन्छन्। धेरैजसोलाई धारा कुवा इनार दयुवबेलबाट प्राप्त हुने पिउने पानीलाई सके प्रशोधित गरेर नसके उमालेर पिउनु पर्छ ।

पानीलाई प्रयोग गर्न जानिएन भने शरिर मा रोगसँगै समय र पैसाको समेत नाश हुन्छ । विशेष गरी वर्षाको समयमा पानी प्राप्त हुने स्रोतहरू दुषित हुने हुँदा ती समयमा पानीको प्रयोग गर्दा विशेष सावधानी अपनाउनु पर्छ । पकाउने, पिउने र शरिर सरसफाई गर्ने पानी सकेसम्म शुद्ध प्रयोग गर्नु पर्छ । पानीलाई उमालेर मात्र प्रयोग गर्न सक्यौ भने पनि पानीजन्य रोगबाट धेरैहदसम्म बच्न सकिन्छ।पानी नै जिन्दगानी हो भन्ने यथार्थलाई मनन गर्दै पानीको मुहानलाई सरसफाइ गर्ने तथा औषधी हालेर पानी सफा बनाउनमा ध्यान दिनु जरूरी छ ।

तीजको समाजशास्त्र



डिला संग्रौला

पीडा पोख्ने, मनको भावना सेयर गर्ने, माइती जाने, मीठो मसिनो खाने रहर तीज पर्वसँग जोडिएको थियो । तर अहिले परिवेश बदलिएको छ । खुला आकाश छ । अहिलेको तीजचाहिँ महिला सशक्तीकरण, महिला अधिकार र महिला संघर्षसँगै जोडिएको छ ।

अहिले सामाजिक सञ्जाल र मिडियाहरुमा विष्णु माझीको नयाँ तीज गीत 'म त नराउरी' खुबै चर्चामा छ । विष्णु माझी लामो समयदेखि पर्दापछाडि मात्रै छिन् भने उनको हरेक वर्षको तीज गीतले छुट्टै सन्देश दिएको पाइन्छ । गत वर्षको गीतमा माइत जान नपाएको पीडा प्रस्तुत गरेकी माझीले यस पटक भने आफूलाई नै समाजसँग तुलना गरेर 'म त नराउरी' गीतमार्फत समाजको यथार्थ चित्रण गरेकी छन् ।

अहिलेको परिवेशमा नराम्री भन्न नमिलुला । फेरि हामी काठमाडौं वा सहरमा बसेर यो गीत हेर्दै र सुन्दै गर्दा हामीलाई अप्ठेरो लागे पनि दूरदराजको कथालाई राम्रोसँग बुझेकाले यसलाई हामीले समग्रतामा सन्देशमूलक गीतका रुपमा लिएका छौं ।

तीज नेपाली महिलाको महत्त्वपूर्ण चाडका रुपमा रहेको छ । तीजमा दर खानेकुराले अहिले व्यापकता पाएको छ । तिथिअनुसार भाद्र शुक्ल तृतीयाका दिन भगवान् शिवको पूजा आराधना गरी हिन्दु महिला तीजको व्रत बस्छौं । परापूर्वकालमा भगवान् शिवलाई पति पाऊँ भन्दै हिमालय पुत्री पार्वतीले व्रत बसेको कथालाई तीज पर्वसँग जोडेर हेरिएको छ ।

अहिलेको जस्तो यातायात र सञ्चारको सुविधा नभएको समयमा चेलीबेटीहरु वर्ष दिनमा एक पटक मात्रै माइतीको घर आँगनमा पुग्न पाउँथे । सानै उमेरमा विवाह हुनाले पनि माइत जानु भनेको टूलै उपलब्धि हुन्थ्यो । घरको पीडा हुन्थ्यो । पीडा पोख्ने, मनको भावना सेयर गर्ने, माइती जाने, मीठो मसिनो खाने रहर तीज पर्वसँग जोडिएको थियो । तर अहिले परिवेश बदलिएको छ । खुला आकाश छ । अहिलेको तीजचाहिँ महिला सशक्तीकरण, महिला अधिकार र महिला संघर्षसँगै जोडिएको छ ।

समग्रमा हेर्दा तीज एक चाड मात्र नभएर यसको सामाजिक, आर्थिक, सांस्कृतिक र मनोवैज्ञानिक प्रभाव धेरै फराकिलो छ । समाजशास्त्रीय दृष्टिले हेर्दा यो पर्व केवल धार्मिक श्रद्धासँग मात्र सीमित छैन, यो नेपाली महिलाको सामूहिक पहिचान र सामूहिक अभिव्यक्तिको पर्याय पनि बन्न पुगेको छ ।

महिलाको 'संकल्प' र 'धैर्यलाई सम्मान गर्ने सांस्कृतिक कथा यस पर्वको मुख्य आधार हो । नेपालमा यो पर्व शताब्दीयौंदेखि विशेष गरी पहाडी क्षेत्रमा प्रचलित रहँदै आएको छ, जसले स्थानीय संस्कृतिसँग मिश्रित भएर आफ्नो विशिष्ट पहिचान पनि स्थापित गरेको छ ।

तीज महिलाहरुको सामूहिक जमघटको महत्त्वपूर्ण अवसर पनि हो । विवाहिता महिला आफ्नो माइती फर्केर आमा, दिदीबहिनी र साथीहरुसँग भेटघाट गर्छन्। यो मेलमिलाप केवल आनन्दका लागि मात्र नभई, जीवनका सुखदु:ख माइतीपक्षसँग बाँड्ने, पारिवारिक र सामाजिक सम्बन्ध सुदृढ गर्ने अवसर पनि हो ।

ग्रामीण क्षेत्रमा तीजले महिलाको सामाजिक पुँजीलाई बलियो बनाउन सहयोग पुर्‍याउँदै आएको छ । सहरी क्षेत्रमा तीजको गीत नृत्य कार्यक्रमले महिलालाई व्यस्त जीवनबाट केही समय छुट्याएर, साथीभाइसँग समय बिताउने अवसर दिए पनि पछिल्लो समय सहरमा तीज महिकलो भएको आवाज पनि सुनिने गरेको छ ।

यसमा हामी महिला दिदीबहिनीले पनि ध्यान दिनुपर्ने बेला आएको छ । तीज स्वाभाविक रुपमै 'महिलाकेन्द्रित चाड' हो । यसमा महिलाहरु विशेष पहिरनमा सजिन्छन् रातो साडी, हरियो चुरा, पोते र ठीका । यो परम्पराले एकातिर विवाह र दाम्पत्य जीवनलाई उच्च मूल्य दिने पितृसत्तात्मक सोचलाई पुन: पुष्टि गरेको पाइन्छ । तर अर्को पाटोबाट केलाउँदा महिलाले आफ्नो सौन्दर्यको उत्सव मनाउने स्वतन्त्रता पनि पाएका छन् भन्ने पनि हामीले बिर्सनु हुँदैन ।

समाजशास्त्रीय अध्ययनअनुसार यो परम्परालाई 'सांस्कृतिक पुनरूत्पादन' भनिन्छ, जसमा एक पुस्ताबाट अर्को पुस्तामा मूल्य, मान्यता र लैंगिक भूमिका सर्दै जान्छन् ।

तर पछिल्ला वर्षमा धेरै महिला संघ संगठनले तीजलाई महिला सशक्तीकरणको एक प्लेटफर्मका रुपमा पनि प्रयोग गर्न थालेका छन् ।

तीजको मुख्य आकर्षणमध्ये एउटा नाचगान हो । परम्परागत रुपमा तीजका गीतमा महिलाले आफ्नो जीवनका अनुभव, भोगेका कष्ट, माया प्रेम र माइतीको सम्झना व्यक्त गर्थे । त्यतिबेला तीजका गीत नेपाली दिदीबहिनीको पीडाको आवाज बनेका थिए भने तिनले पितृसत्तात्मक संरचनाभित्र महिलाले भोग्नुपरेको जीवनको यथार्थ झल्काउँथे ।

तर अहिले आधुनिक समयमा भने यी गीतमा हास्यव्यंग्य, राजनीतिक सन्देश र महिला अधिकारका माग पनि समावेश हुन थालेका छन् । यसलाई सांस्कृतिक पर्वहरु समयसँगै बदलिन्छन् र सामाजिक चेतनाको माध्यम बन्न सक्छन् भन्ने रुपमा पनि बुझ्नु जरूरी छ ।

आर्थिक हिसाबले कुरा गर्दा तीज, दसैं, तिहारजस्ता पर्वमा किनमेल बढ्छ, अर्थतन्त्र चलायमान हुन्छ । तीज केवल धार्मिक वा सांस्कृतिक पर्व मात्र नभई बजार अर्थतन्त्रसँग गहिरो रुपमा पनि गाँसिएको देखिन्छ ।

संसारका हरेक कुनामा अहिले नेपाली दिदीबहिनी पुगिसकेको अवस्थामा प्रवासमा बस्ने नेपाली महिलाले पनि यो चाडलाई अझ भव्य तरिकाले मनाइरहेका छन् । आफ्नो संस्कृति, भाषा र परम्परा जोगाइराख्ने अवसर दिएको छ भने विदेशमा तीजका कार्यक्रमले समुदायमा एकताको भावना जगाउनुका साथै नयाँ पुस्तालाई नेपाली संस्कृतिसँग जोड्ने माध्यम पनि बन्दै गएका छन् ।

तीज केवल धार्मिक वा सांस्कृतिक उत्सव मात्र होइन, यो नेपाली समाजमा महिलाको पहिचान, सामूहिकता, लैंगिक भूमिका र सांस्कृतिक निरन्तरताको जीवन्त उदाहरण हो । यसको समाजशास्त्र बुझ्दा हामी केवल भूतकालको परम्परा मात्र होइन, वर्तमानको चेतना र भविष्यको सम्भावनालाई पनि देख्न सक्छौं । तीजलाई साँचो अर्थमा महिलाको स्वतन्त्रता र समानताको पर्व बनाउनु हाम्रो सामूहिक जिम्मेवारी हो ।

चर्चित गायिका विष्णु माझीले भनेजस्तै 'म त नराउरी' भनेर आफूलाई आफैंले हेय भावले हेर्न अब जरूरी छैन । नेपाली महिलाले आफ्ना दु:ख र वेदना मात्रै हैन, हाम्रा व्यक्तिगत तथा सामूहिक उपलब्धिका कथा पनि तीजका गीतमार्फत सुनाउने बेला आइसकेको छ ।

अहिले हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यास गरिरहँदा हाम्रा चेलीबेटी कुनै पनि किसिमको भेदभाव र हिंसाबाट मुक्त भएर आफ्ना चाडबाड मनाउने अवसर पाउनुपर्छ । तीज नेपाली समाजको एकता र हार्दिकताको माध्यम बन्न सकोस्, राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा पुरूषसरह नेपाली नारी हरेक क्षेत्रमा काँधमा काँध मिलाउँदै अगाडि बढ्न सकून्, तीजको हार्दिक शुभकामना ।

इकान्तिपुरबाट

९६ हजार पशुचौपायालाई लगाइयो लम्पी स्किनविरुद्ध खोप



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशमा लम्पी स्किन रोग विरूद्ध ९६ हजार पशुचौपायामा खोप लगाइएको छ।

सप्ताहव्यापी खोप अभियान अन्तरगत प्रदेशको १३ जिल्लामा यही भदौ १ गतेबाट सुरू भएको खोप अभियानमा ९६ हजार ३ सय ४७ गाईभैँसीमा लम्पी स्किन रोग विरूद्धको खोप लगाइएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयले १ लाख २० हजार पशुवस्तुमा खोप लगाउने लक्ष्य सहित सप्ताहव्यापी अभियान सुरू गरेकोमा अभियान अवधिभर लक्ष्यको ८० दशमलब २९ प्रतिशत मात्रै खोप लगाइएको हो। जसमा सबैभन्दा धेरै खोप मकवानपुरमा लगाइएको मन्त्रालयको तथ्यांक छ।

प्रदेशका १३ जिल्लामध्ये १० स्थानीय तह रहेको मकवानपुरमा सप्ताहव्यापी खोप अभियानभर २४ हजार ६ सय ९५ डोज खोप लगाएको तथ्यांक छ। मन्त्रालयले मकवानपुरको लागि २५ हजार डोज खोप उपलब्ध गराएको थियो। बाँकी ३ सय ५ डोज खोप पनि आवश्यकताको आधारमा लगाइने पशु सेवा कार्यालय, मकवानपुरका प्रमुख डा ब्रजकिशोर ठाकुरले जानकारी दिए।

उनका अनुसार अभियानको पहिलो दिनबाटै खोप लगाउनका लागि सबै स्थानीय तहका वडाहरूमा म्याक्सिनेटर खटाइएको थियो। सोही उपलब्धि अनुरूप मन्त्रालयले दिएको खोप शतप्रतिशत लगाउन सफल भएको ठाकुरले बताए।

त्यसोत, १३ जिल्लामध्ये सबैभन्दा कम खोप ललितपुरमा लगाइएको छ। काठमाडौं उपत्यकाका तीन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरको लागि पशु सेवा कार्यालय, ललितपुर लाई उपलब्ध गराइएको १० हजार डोज खोपमध्ये ललितपुरमा ३ हजार ६ सय ९ डोज मात्रै खोप लगाइएको छ।

यस्तै, काठमाडौंमा ४ हजार ३ सय ५० डोज र भक्तपुरमा १ हजार ५ सय ४३ डोज खोप लगाइएको मन्त्रालयको तथ्यांक छ।

यस्तै, सिन्धुलीमा १२ हजार डोज खोप उपलब्ध गराएकोमा १० हजार ३ सय २८ डोज खोप लगाइएको तथ्यांक छ भने रामेछापमा ४ हजार ३ सय ३७, धादिङमा ६ हजार ५१, काभ्रेमा ७ हजार ६ सय ९८, नुवाकोटमा ७ हजार ७ सय २४ र रसुवामा ३ हजार ६ सय ३४ डोप लम्पी स्किन विरूद्धको खोप लगाएको मन्त्रालयको तथ्यांक छ।

यता, दोलखामा ९ हजार ९ सय ८२, सिन्धुपाल्चोकमा ६ हजार ३ सय ८४ र चितवनमा ६ हजार १५ डोज खोप लगाइएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक छ।

खोप वितरणमा सबैभन्दा बढी खोप पाएको पशु सेवा कार्यालय चितवनमा सप्ताहव्यापी अभियानभर जम्मा ६ हजार डोज मात्रै खोप लगाइएको पाइएको छ। चितवन बागमती प्रदेशको १३ जिल्लामध्ये सबैभन्दा धेरै पशुपालन हुने जिल्ला हो। मन्त्रालयका वरिष्ठ पशु विकास अधिकृत एवंम् पशुपन्छी विकास महाशाखा प्रमुख डा रामप्रकाश प्रधानका अनुसार चितवनमा गाईको संख्या ९३ हजार ३ सय ५६ छ भने भैँसीको संख्या ७३ हजार ३ सय छ।

दुध उत्पादनको क्षेत्रमा चितवन प्रदेशकै पहिलो जिल्ला हो। यहाँ मन्त्रालयका अनुसार चितवनमा वार्षिक ९५ हजार १ सय ४८ मेक्ट्रिक टन दुध उत्पान हुने गरेको छ।

यसरी दुध उत्पादनदेखि गाईभैँसीको संख्या समेत सबैभन्दा धेरै रहेको र मन्त्रालयले सबैभन्दा धेरै ३० हजार डोज खोप उपलब्ध गराएको अवस्थामा ७ स्थानीय तह रहेको चितवनमा अभियानभर ६ हजार डोज मात्रै खोप लगाउनाले मन्त्रालयको लक्ष्य अनुसारको प्रगति भेट्न नसकिएको कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलले बताए।

उनका अनुसार चितवनमा उपलब्ध गराएको खोपमध्ये २५ हजार बढी डोज खोप लगाउन बाँकी रहेको कारण प्रगति अंक भेट्न नसकिएको मन्त्री पौडेलले बताए। 'अन्य जिल्लाहरूमा लगाइएको खोपको प्रगति राम्रो छ, तर चितवनमा खोप अभियान प्रभावकारी बन्न सकेन भन्ने गुनासो आएपछि म आफै अनुगमनका लागि चितवन पुगेँ, उनले भने, 'त्यहाँ रहेका ठूलार ठूला फार्महरूले आफै किनेर पनि खोप लगाइसकेका रहेछन्। धेरैजसो सहकारीहरूले नै पनि गाईभैँसीमा खोप लगाइदिएका रहेछन् । स्थानीय तहले पनि लम्पी स्किन विरूद्धको खोप खरिद गरेर लगाइदिएको रहेछ। जसले गर्दा यो अभियानका लागि पठाइएको खोपको २५ प्रतिशत पनि लगाउन नपाएको भन्ने बुझियो।'

मन्त्रालयका अनुसार ७२ हजार ९ सय १७ गाईरगोरूलाई र २३ हजार ४३० भैँसी र पाडापाडीलाई लम्पी स्किन रोग विरूद्धको खोप लगाइएको हो। भदौ १ गतेदेखि ७ गते शनिबारसम्म लम्पी स्किन रोग विरूद्धको सप्ताहव्यापी खोप अभियान सञ्चालन गरिएको हो। यो अभियानमा बचेका खोप निरन्तर लगाइने बताइएको छ। बागमतीका १३ जिल्लामा ४ लाख ८१ हजार ७ सय ७१ मेक्ट्रिक टन दुध उत्पादन हुँदै आएको छ।

के हो लम्पी स्किन रोग

गाई तथा भैँसीमा देखिने संक्रामक लम्पी स्किन रोग पछिल्लो समय नेपालका विभिन्न जिल्लामा तीव्र रुपमा फैलिएको छ।

छालामा गाँठा पार्ने विशेष लक्षणका कारण चिनिने यो रोग पशु चिकित्सकका अनुसार रोग मुख्यत: मच्छर, जुइँ, झिंगा जस्ता किराहरू मार्फत एक पशुबाट अर्कोमा फैलिन्छ।

संक्रमित पशुमा शरीरभरि गोलोगोलो गाँठा देखिनु, ज्वरो आउनु, दूध उत्पादन अचानक घट्नु, नाक र आँखाबाट पानी आउनु तथा खाना खान छाड्ने लक्षण देखिन्छ। गर्भवती गाईभैँसीमा गर्भपतन समेत हुने जोखिम उच्च रहेको छ। साथै संक्रमित पशुलाई छुट्टै राख्न, घाउ सफा गर्न र मच्छर फट्याङ्ग्रा नियन्त्रणमा ध्यान दिन किसानलाई आग्रह गरिएको छ। पशु स्वास्थ्य विज्ञहरूका अनुसार उचित समयमा खोप लगाउने र सरसफाइमा ध्यान दिने हो भने रोगलाई नियन्त्रण गर्न सकिने पशु चिकित्सकहरू बताउँछन्।

गौरव र मर्यादा कायम राख्दै तीज पर्व मनाऔं



पौराणिक कथाअनुसार, माता पार्वतीले महादेवलाई पतिको रुपमा पाउनका लागि कठोर तपस्या तथा निराहार व्रत बसेर त्याग गरेको कथासँग तीज पर्वको इतिहास जोडिएको छ

○ सहीखर संवाददाता

मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले हिन्दु महिलाहरूले मनाउने पर्व हरितालिका तीजको अवसरमा शुभकामना दिनु भएको छ ।

सनातन वैदिक संस्कृतिमा नारी शक्तिको सम्मान र प्रकृतिको संरक्षणका लागि विशेष महत्त्व राख्ने यो पर्वले एकताबद्ध भई अगाडि बढ्न प्रेरणा दिने उल्लेख गर्नुहुदै प्रदेश प्रमुख देवकोटाले शुभकामना सन्देश प्रकाशन गर्नु भएको हो । पौराणिक कथाअनुसार, माता पार्वतीले महादेवलाई पतिको रुपमा पाउनका लागि कठोर तपस्या तथा निराहार व्रत बसेर त्याग गरेको कथासँग तीज पर्वको इतिहास जोडिएको छ ।

हिमालय पर्वतमा घोर तपस्या गरेको र उहाँको यही त्याग र समर्पणबाट खुसी भएर महादेवले उहाँलाई पत्नीका रुपमा स्वीकार गर्नुभएको धार्मिक विश्वास छ ।

पौराणिक कथाअनुसार माता पार्वतीको यही कठोर तपस्याको सम्मानस्वरुप 'हरितालिका तीज' मनाउने गरिन्छ । यो पर्वले भगवान शिव र पार्वतीको अटुट प्रेम र समर्पणको गाथालाई स्मरण गराउँदै नारी जीवनमा पतिको दीर्घायु, सुस्वास्थ्य र प्रगतिको कामना गर्ने महत्त्वपूर्ण पर्वका रुपमा स्थापित छ।

'तीजले पारिवारिक तथा सामाजिक सद्भावलाई अझ प्रगाढ बनाउनुका साथै मौलिक संस्कृति र परम्परालाई जीवन्त राख्न मद्दत पुर्‍याउँछ' उहाँले सन्देशमा भन्नुभएको छ । यस पर्वमा चेलीहरूले जन्म घर गएर आफ्ना दु:खसुख साट्ने, नाचगान गर्ने र मिठो परिकार खाने प्रचलन छ । जसले दिदीबहिनीहरुमा आपसी प्रेम र आत्मीयता बढाउँनेमा प्रदेश प्रमुख देवकोटाले विश्वास व्यक्त गर्नु भएको छ ।

पछिल्ला समय देखापरेका मह्कीलो देखासिकीबाट पर रहेर पर्वको गौरव र मर्यादालाई कायम राख्दै तीज पर्व मनाउन उहाँले सबैमा अनुरोध समेत गर्नुभएको छ । मुलुकको समृद्धि, राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम र रख्नका लागि यस्ता चाडपर्वहरुको ठूलो भूमिका हुने बताउँदै पर्वले समाजमा रहेका विकृति र विसङ्गतिलाई हटाएर समानता र न्यायमा आधारित समाज निर्माण गर्न सबैलाई प्रोत्साहन गरोस् भन्ने कामना समेत गर्नुभएको छ ।

‘भण्डारीको पार्टी सदस्यता दुई मिनेटमा निर्णय हुने विषय हो’

दोस्रो विधान महाधिवेशनको मिति नजिकिँदै गर्दा नेकपा एमालेभित्र पूर्वराष्ट्रपति विद्या भण्डारीको राजनीतिक यात्रालाई लिएर चर्को बहस भइरहेको छ । यही बहसकाबिच एमालेले भदौ १३ गते बोलाएको केन्द्रीय कमिटी बैठक नै स्थगित गरेपछि फरक मत रोक्न खोजिएको त होइन ? भन्ने प्रश्न समेत उठेका छन् ।

अर्कोतर्फ विद्या भण्डारीले आफू नरोकिने बताउँदै आएकी छन् । यस्तो अवस्थामा अध्यक्ष केपी ओली भर्सेस विद्या भण्डारीको लडाइँको अवतरण कहाँ गएर टुङ्गिन्छ ? के एमालेले विद्या भण्डारीलाई रोक्न सक्छ ? अध्यक्ष महासचिव र उपाध्यक्षका राजनीतिक, सांठनिक र विधान संशोधन प्रस्तावहरू परिवर्तन हुन सक्छन् ? यिनै प्रश्नको जवाफका लागि एमाले नेता तथा **प्रचार विभाग प्रमुख राजेन्द्र गौतम**सँग रातोपाटी डटकमले गरेको कुराकानी हामीले यस अंकमा साभार गरेका छौं:

नेकपा एमालेको दोस्रो विधान महाधिवेशनको तयारी के कसरी भइरहेको छ ?

हाम्रो विधान महाधिवेशनका दुई वटा पाटा छन् । पहिलो महाधिवेशनमा प्रस्तुत हुने प्रतिवेदनहरुको पाटो भयो । अर्को भौतिक तयारीको पाटो भयो ।

सामग्री वा दस्तावेज तयारीको पाटोमा अध्यक्षद्वारा प्रस्तुत गरिने राजनीतिक प्रतिवेदन तयार भइसकेको छ । त्यसको अन्तिम ‘फिनिसिङ टच’ अध्यक्षले गरिरहनु भएको छ । त्यस्तै पाटीका महासचिव शङ्कर पोखरेलले पनि आफ्नो प्रतिवेदन तयार गरिसक्नुभएको छ । विधान संशोधन सम्बन्धी प्रस्तावको तयारी पाटी उपाध्यक्ष विष्णु पौडेलले नेतृत्व गरिरहनु भएको छ । त्यसका लागि देशका सबै जिल्ला कमिटीहरु, सबै प्रदेश कमिटीहरु, सबै विभाग र सबै जनसङ्गठनहरुले दिएका सुझावहरु करिब आइसकेका छन् ।

आएका ती सुझावहरुलाई एकीकृत गर्ने गरेर सुझावमा आएका महत्त्वपूर्ण चिजलाई विधानमा समावेश गर्दै प्रस्ताव बनाएर लिएर जानुपर्ने काम बाँकी छ । त्यो काममा सिङ्गो पार्टी लागेको छ । केन्द्रीय सङ्गठन विभाग, केन्द्रीय कार्यालय र महासचिवको सचिवालयले यी कामहरु तीव्र गतिमा गरिरहेको छ ।

दस्तावेजकै सवालमा हाम्रा चार वटा केन्द्रीय निकाय छन् । ती चार वटा केन्द्रीय निकायहरु केन्द्रीय सल्लाहकार को आफ्नो प्रतिवेदन, केन्द्रीय अनुशासन आयोगको प्रतिवेदन, केन्द्रीय लेखा परीक्षण आयोगको प्रतिवेदन र केन्द्रीय निर्वाचनको प्रतिवेदन सहित चार वटा निकायले आआफ्ना प्रतिवेदन विधान महाधिवेशनमा प्रस्तुत गर्छन् । हाम्रा प्रतिनिधिहरु जो यसअघि नै तय भैसकेका छन् ।

यो पटक प्रतिनिधिहरु कोही थपिँदैनन् । मृत्यु भएका, छाडेर गएका र कारबाही भएकाहरुको सङ्ख्यामात्र घटने हो । पछिल्लो अद्यावधिकमा जम्मा प्रतिनिधि र सहभागी गरेर २ हजार ३७९ जनाको नाम दुङ्गो लागेको छ । यो प्रतिनिधिको सङ्ख्यामा केही छुटपुट भयो भने दुईचार जना तलमाथि हुने कुरा बेग्लै हो ।

यसबाहेक स्वयंसेवकको काम जनसङ्गठन प्रमुख भानुभक्त ढकालले हेर्नुभएको छ । मञ्च व्यवस्थापन र साजसज्जा विनोद श्रेष्ठ तथा प्रचारको काम राजेन्द्र गौतमको नेतृत्वमा हुन्छ, भइरहेको छ ।

सञ्चारतर्फ सूचना छिटो र सुव्यवस्थित दिन महाधिवेशन स्थलमा सूचना डेस्क स्थापना गरेर सहज वातावरण तयार पार्ने काम हुन्छ । त्यसरी आठ वटा उपसमितिहरुले आआफ्नो काम गरिरहेकाले तयारीका हिसाबमा पनि हामी अन्तिम विन्दुमा पुगेका छौं ।

अब खाली कति कतिपय प्रस्तावहरुलाई फिनिसिङ र टचिङमात्र गर्न बाँकी छ । भदौ १३ गतेको केन्द्रीय कमिटी बैठकलाई हामीले स्थगित गर्‍यौं किनभने प्रधानमन्त्री तथा पाटी अध्यक्ष चाइना भ्रमणमा जानुपर्ने भएकाले अलि समयको अभाव हुने देखियो । त्यसकारण भदौ १९ गते बैठक राख्ने भन्ने कि भनेर पनि छलफल भइरहेको छ ।

भदौ १३ गतेको केन्द्रीय कमिटी बैठक अनिश्चित कालसम्मलाई स्थगित गरेर समय अभावको बहानामा नेतृत्वले केन्द्रीय कमिटी बैठक नै छल्न खोज्यो भन्ने गुनासो पनि छ नि ?

बहाना भन्ने एउटा आरोप मात्र हो । चाइनाको पीएमको भ्रमण आकस्मिकतामा आएर हो । यसलाई अर्को दिन व्यवस्थापन गर्न सकिन्छ ।

समयकै हिसाबले हेर्दा १८ गते राति मात्रै अध्यक्ष स्वदेश आइपुग्नु हुन्छ । यो हिसाबले १९ गते केन्द्रीय कमिटी बैठक राखेर २० गते महाधिवेशन सुरु होला त ?

१९ गते केन्द्रीय कमिटी बस्छ । आरामले बस्न सक्छ । डकुमेन्ट तयार हुन्छन् । तयार भएपछि त्यो डकुमेन्ट सदस्यहरुलाई दिने हो । यदि केन्द्रीय कमिटीको बैठक बसेन भने पनि स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठक निश्चित हुन्छ भन्ने कुरा भन्न सकिन्छ ।

प्रतिवेदनहरूलाई अन्तिम रूप दिने काम मात्र बाँकी छ भन्नुभयो, के असन्तुष्ट पक्षका माग पनि सम्बोधन गर्ने गरी ती प्रतिवेदनहरू आउँदै छन् ?

प्रतिवेदनहरु केन्द्रीय कमिटीको राजनैतिक निर्णयको सारको आधारमा तयार हुन्छन् । दुई वटा महाधिवेशन नभएको बेला त्यसको सर्वोच्च संस्था केन्द्रीय कमिटी हो । त्यसो भएकाले केन्द्रीय कमिटीको निर्णयको स्पिडमा प्रतिवेदनहरु तयार हुन्छन् भइरहेका छन् ।

किनभने ती प्रतिवेदनहरु एउटा व्यक्तिले तयार गर्ने विषय मात्र होइन । राजनीतिक प्रतिवेदनको सन्दर्भमा पनि केन्द्रीय कमिटीले यो यो विषय नछुटोस् भन्ने राय दिएको छ । सङ्गठनात्मक क्षेत्रमा पनि त्यस्तै रायहरु आएका छन् । अहिले मुखरित भएका जम्मा तीन वटा विषय हुन् भन्ने मलाई लाग्छ । विधानको सन्दर्भमा हाम्रो मुख्य ध्यान तीन चार वटा कुरामा बढ्ता केन्द्रित छ ।

के के कुरामा केन्द्रित छ ?

त्यो भनेको विधानको प्रस्तावनामा हाम्रो ‘डेस्टिनेसन’ वा हामी कहाँ जान्छौं भन्ने हो । नेकपा एमालेको मुख्य र नारा मुद्दा के हो ? त्यसमा हामी कसरी जान्छौं त्यो विधानको प्रस्तावनामा बोक्नुपर्छ भनेर ‘समृद्ध नेपाल र सुखी नेपालीलाई’ राष्ट्रिय आकाङ्क्षा मानिरहेको वर्तमान सन्दर्भ छ । यो र राष्ट्रिय आकाङ्क्षा मात्र होइन, एउटा सचेत र सङ्गठित प्रयासको हिसाबमा ‘समृद्ध नेपाल र सुखी नेपाली’ भन्ने आजको हाम्रो डेस्टिनेसन हो गन्तव्य हो । र, हामीलाई जबजको प्रयासमा नेपाली विशेषता सहितको समाजवाद निर्माण गर्ने दिशा तर्फ हाम्रो सम्पूर्ण कामको फोकस हुन्छ भन्ने विषयलाई हामीले प्रस्ट र प्रकट रुपमा भनेर आएका छौं ।

दोस्रो, विधानमा हामीले दुईखाले पाटी सदस्यताको व्यवस्था गरेका । तेस्रो बहुचर्चित भनिएको ७० वर्षको उमेर हद र दुई कार्यकालको व्यवस्था हटाउने र राष्ट्रपति उपराष्ट्रपति जस्ता व्यक्तिहरु पाटी राजनीतिमा क्रियाशील हुने कि नहुने भन्ने हो । यस सन्दर्भमा हाम्रो भनाइ के छ भने यो ७० वर्षको उमेर हद पनि हाम्रो पाँचौं पूर्ण केन्द्रीय कमिटीको बैठकले निलम्बन गरेको र नयाँ साथीहरुलाई प्रवेश गराएको हो । यो विषय अब महाधिवेशनसम्म जान्छ । ‘दु दर्म’ कार्यकालको व्यवस्था दशौं राष्ट्रिय महाधिवेशनबाट हटाइसकेकाले त्यो विषय महाधिवेशनमा जाँदैन ।



प्रचार विभाग प्रमुख राजेन्द्र गौतम

राष्ट्रपति राजनीतिमा आउनुहुन्छ कि हुँदैन भनेर केन्द्रीय कमिटीले राष्ट्रपति र उपराष्ट्रपति जस्ता गणतन्त्रका गौरवहरु राजनीतिक दलको सदस्यता लिएर राजनीतिक दलमा फेरी पौंठेजोरी खेल्न आउनुभन्दा साझा व्यक्तित्व र अभिभावककै भूमिकामा बस्नु राम्रो हुन्छ भनेका हो । बरू त्यस्ता व्यक्तित्वहरु राजनीति बाहेकका सामाजिक, सांस्कृतिक जलवायु परिवर्तनलगायतका इस्युहरूको नेतृत्व गरेर जान सक्छन् भन्ने ठहर हो ।

राष्ट्रपति, उपराष्ट्रपतिको सदस्यता र राजनीतिक आबद्धताबारे गत केन्द्रीय कमिटीमा एजेन्डा नै नबनाई निर्णय भयो भन्ने गलत कुरा हो ?

सदस्यता भन्ने भन्दा पनि राष्ट्रपतिको सवालमा पहिलो कुरा राजनीतिमा आउनुहुन्छ कि हुँदैन भन्ने विषय नै मेजर हो । त्यही विषय प्रबल हो । आउनु हुँदैन भन्ने नै हो । पाटी सदस्यता भनेको अत्यन्त प्राविधिक कुरा हो । यदि आउनुहुन्छ भनेर भन्यो भने दुई मिनेटमा निर्णय हुने विषय हो । जब दलको सदस्य लिएर आउनु हुँदैन भन्ने निष्कर्ष भएपछि सदस्यताको सवाल नै उठ्दैन । अब सदस्यता भन्ने विषय महाधिवेशनको एजेन्डा नै हुँदैन । त्यो क्लियर छ ।

भनेपछि पूर्वराष्ट्रपति राजनीतिमा आउनु हुँदैन भन्ने तपाईंहरूको निर्णय परिवर्तन हुने सम्भावना छैन ?

म त्यो सम्भावना र गुञ्जायस देख्दिनँ । अब महाधिवेशनका प्रतिनिधि हलबाटै जरूयाकजुरूक उठेर त्याउनुपर्छ भनेको खण्डमा एउटा प्वाइन्ट त्यहाँ हुने नै भयो । किनभने पार्टीको दोस्रो सर्वोच्च फोरम विधान महाधिवेशन हो । त्यस कारण अहिलेसम्म प्रदेशका, जिल्लाका बैठकको स्प्रिट, केन्द्रीय कमिटी बैठकको स्प्रिट हेर्दा त्यो अवस्था देखिँदैन । ग्राउन्डलाई हेर्दा महाधिवेशनमा जिल्लाबाट आउने ९३ सय ७९ जना प्रतिनिधिले भाग लिँदै छन् । जहाँ बहुमतको निर्णय पार्टीको निर्णय हुन्छ । बहुमत कुन लेभलको भन्ने हो । दुथर्ड मेजोरिटी हो कि त्यो भन्दा माथिको हो ? त्यो अलग कुरा हो ।

विद्या भण्डारीलाई राजनीतिमा आउन बन्देज लगाउने एमालेको निर्णयपछि उहाँले पनि केही गृहकार्य गरिरहेको सुनिन्छ । उनी पक्षधरले फरक प्रतिवेदन पनि तयार गर्दै छन् भन्ने व्यापक सुनिन्छ त्यसको सामना कसरी गर्ने योजना छ ?

फरक मत त वैचारिक कुरा हो । कम्युनिस्ट पार्टीको भिन्न विचार, भिन्न दृष्टिकोण,

बाँकी पेज ५ मा

सहीखबर
समाचार/स्वास्थ्य
www.saheekhabar.com
२०८२ भदौ १२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

७ दिनभित्र सूचीकरण हुन सामाजिक सञ्जाललाई आह्वान

○ सहीखबर संवाददाता

सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने निर्णय समेत भएको छ ।

सरकारले सामाजिक सञ्जालहरुलाई सात दिनभित्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरण हुन सार्वजनिक रुपमा आह्वान गरेको छ। सूचीकरण नआउने वा सम्पर्क नहुने सामाजिक सञ्जाललाई नेपाल मित्र क्रमशः निष्क्रिय गराउने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव भरतमणी सुवेदीले पेश गरेको स्वैच्छिक अवकाश स्वीकृत गरिएको छ। ११ भदौ, काठमाडौं । सरकारले सामाजिक सञ्जालहरुलाई सात दिनभित्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरण हुन सार्वजनिक रूपमा आह्वान गरेको छ ।

सोमबारको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

बैठकका निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले तोकिएको अवधिमा सूचीकरण हुन नआउने वा सूचीकरणको लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपाल मित्र निष्क्रिय गराउने निर्णय भएको जानकारी दिए ।

उनका अनुसार सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने निर्णय समेत भएको छ ।

उनले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव भरतमणी सुवेदीले पेश गरेको स्वैच्छिक अवकाश स्वीकृत गरेको पनि जानकारी दिए ।

मन्त्रिपरिषद्का बाँकी निर्णयहरू

१. नेपाल सरकारबाट घोषणा भएका विभिन्न २० वटा औद्योगिक ग्राम, औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र, सुक्खा बन्दरगाह तथा पेट्रोलियम पाइपलाइन र निजी क्षेत्रबाट सञ्चालन हुने केबलकार आयोजनाहरुलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२. मित्रराष्ट्र मियतनामका उपराष्ट्रपति एच. ई. भो थी अनछुआङले २०८२ साल भदौ ७ देखि ९ गतेसम्म गर्ने नेपालको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत गर्ने ।



३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने ।

४. नेपाली सेनातर्फ चारजना उपरथीहरुको सरूवा गर्ने, एकजना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने, एकजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने र एकजना महासेनानीको राजीनामा स्वीकृत गर्ने ।

५. २०८२ भदौ १६ देखि १८ गतेसम्म कोरियाको सियोलमा आयोजना हुने ग्लोवल ग्रीन ग्रोथ इन्स्टिट्युटसँगको सम्झौता हस्ताक्षर कार्यक्रममा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्र प्रसाद मिश्रलाई स्वीकृति प्रदान गर्ने ।

६. २०८२ भदौ १० देखि १३ गतेसम्म फिजीको नाडीमा आयोजना हुने छैटौं फोरम अफ मिनिस्टर एण्ड इन्भायरोमेन्ट अथुरिटीज अफ एसिया प्यासिफिक (एपी फोरम)मा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री माननीय रूपा वि.क.लाई स्वीकृति प्रदान गर्ने ।

७. अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको मिति २०८२ भदौ ३० देखि असोज ३ गतेसम्म भियना इन्टरनेसनल सेन्टर, भियनामा आयोजना हुने ६९औं आईएईए जेनेरल कन्फरेन्स कार्यक्रममा सचिव (विज्ञान तथा प्रविधि) श्री विश्ववायु पुडासैनीलाई सहभागी हुन स्वीकृति दिने ।

८. सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने:

(क) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन सात दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणको लागि सार्वजनिक रुपमा आह्वान गर्ने ।

(ख) तोकिएको अवधिमा सूचीकरण हुन नआउने वा सूचीकरणको लागि सम्पर्कमासमेत नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपाल मित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने ।

९. नेपाल लेखापरीक्षण सेवाको समूहीकरणतर्फ राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक रिक्त पदमा श्री इन्द्र प्रसाद आचार्यलाई बढुवा गर्ने ।

१०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव श्री भरतमणी सुवेदीले पेश गर्नु भएको स्वैच्छिक अवकाश स्वीकृत गर्ने ।

सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने निर्णय समेत भएको छ ।

'भण्डारीको पार्टी सदस्यता दुई मिनेटमा . . . .

विभिन्न कार्यक्रम, भिन्न तरिकाले आफ्नो मत दर्ज गर्छु भनिन्छ भने त्यो ठाउँ खुलै रहन्छ । तर उहाँहरुबाट के कुरा दर्ज हुन्छ पहिला त्यो दर्ज हुनुपर्‍यो । के कुरामा छलफल हुन खोजेको हो त्यो छलफल पनि हुनुपर्‍यो । चिज नै नआई र कन्टेन्ट नै नआई त्यसको बारेमा कसरी भविष्यवाणी गर्न सकिन्छ र ?

गत केन्द्रीय कमिटीमै पनि फरक मत त राखेका थिए नि केही नेताहरूले तर त्यसको सम्बोधन नगरिएको त हो नि ?

केन्द्रीय कमिटीमा औपचारिक रुपमा मेरो फरक मत छ, म दर्ज गर्छु र म 'नोट अफ डिसेन्ट' लेख्छु भन्ने व्यक्ति पाटी स्थायी कमिटी सदस्य कर्ण थापा एक जना मात्रै हो ।

अरु तपाईंले नाम लिएका उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले अहिले नगरौं मात्र भन्नुभएको हो । बरू सचिवालय वा स्थायी कमिटीजस्ता सानो फोरममा बसेर छलफल गरेर निर्णय गरौं भनेर प्रयास गर्नुभएको हो ।

उहाँहरुले लिखित रुपमा कुनै पनि फरक मत दर्ज गर्नु भएको छैन । आफ्नो ओपिनियन राख्न विभिन्न सदस्यले विभिन्न एङ्गल र कोणबाट राख्छ, राख्न पाउँछ ।

पछि पाटीमा निवेदन दर्ता गरेको भनिएको छ नि, त्यसको कुनै अर्थ छैन ?

पछि दर्ता गरेको निवेदनको केही अर्थ छैन । बैठक चलिरहेको अवस्थामा दर्ज भयो भने पाटीलाई सूचित हुने कुरा हो ।

पछि सूचना दिएको भन्ने सुनिएको हो तर हामीले हेर`को छैन । यद्यपि उहाँहरुले फरक मत राख्नु हुने रहेछ भन्ने सूचना भएको छ । त्यो कुन मोडालिटीमा ? कुन विषयमा ? कुन राजनीतिक ग्रामिटीमा, कुन सिद्धान्तमा र कुन नीति कार्यक्रममा दर्ज गर्नुहुन्छ ? पहिले दर्ज हुन दिनुपर्‍यो दर्ज भएपछि त्यसको बारेमा टिप्पणी गरौला ।

पूर्वराष्ट्रपति विद्या देवी भण्डारीलाई एमालेले ढोका बन्द गरेपछि उहाँले नयाँ विकल्प खोज्दैछु भनेर भनेको सुनिन्छ । यसले एमालेलाई हुने घाटा नाफाको हिसाबकिताब भएको छैन ?

हाम्रो निर्णय कुनै नियतवश एमालेको विद्या भण्डारी रोक्ने भन्ने नै होइन । मिडियाका साथीहरुले पनि यो कुरा बुझिदिनु पर्छ । व्यक्ति विशेषलाई टार्गेट गरेर रोक्नका लागि केन्द्रीय कमिटीले निर्णय गरेको होइन । राष्ट्रपति र उपराष्ट्रपतिजस्तो गरिमामय गणतन्त्रका गौरवहरु सांविधानका अभिभावकहरु, सांविधानका संरक्षक र पालनकर्ताहरु, देशका साझा व्यक्तित्वहरु,देशका अभिभावकहरु एउटा दल विशेषको झन्डा बोकेर हिँड्दा हिजोको उसले पाएको जो सर्व स्वीकार्यता थियो त्यसमा गम्भीर समस्या उत्पन्न गर्छ ।

हामीले गणतन्त्रको प्रतीकको रुपमा जनताको छोराछोरी राष्ट्रपति हुने व्यवस्था भनेर देखाउने कुरामा असर गर्छ । यो कुनै विद्या भण्डारी भर्सेस ओली वा ओली भर्सेस विद्या भण्डारी हुँदै होइन । एमाले भर्सेस विद्या भण्डारी पनि होइन । एमालेले त विद्या भण्डारीलाई उच्च आदर गरेको छ । उहाँजस्तो ठावर पर्सनालिटी, गौरवको प्रतीकलाई त्यहीं गौरवको प्रतीक भएर, सम्मानित भएर बस्नु भनेको हो । किनभने हिजो राष्ट्रपति हुँदा गरेका कामहरुको अपनत्व पनि पूर्वराष्ट्रपति हुँदा समेत जोडिन्छन् । त्यसो भएकाले त्यसलाई एउटा व्यवस्था गर्न र एउटा सिस्टम बसाउन र गरिमाको निम्ति अभ्यासका रुपमा गरेको पहलका रुपमा हेर्नुपर्छ ।

तपाईंहरूको यो प्रयास भएपनि उहाँ (विद्या भण्डारी) ले म रोकिन्न है भन्ने सन्देश त दिइरहनुभएको छ नि लगातार ?

म रोकिन्न भन्ने उहाँको अधिकारको कुरा हो त्यो ।

यदि एमालेले ठाउँ दिएन भने अरू शक्तिको नेतृत्व गर्न पनि तयार छु भन्नुभएको भनेर आइरहेको छ के त्यो अवस्था पनि रोक्न सक्नुहुन्छ ?

त्यो त कसरी रोक्न सकिन्छ, उहाँको वैयक्तिक कुरा हो । उहाँलाई हामीले 'उच्च आदर' गर्ने हो । विवादमा नपर्नुस्, आफ्नो गरिमालाई विवादमा नपरोस् भन्ने मात्र हो ।

थाहामा इलाका प्रशासन कार्यालय स्थापनाको गर्न पहल



○ सहीखबर संवाददाता

मकवानपुर। जिल्लाको उत्तरी क्षेत्र थाहा नगरपालकिामा इलाका प्रशासन कार्यालय स्थापनाको गर्न पहल थालिएको छ ।थाहा नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापना गर्न नेकपा एमाले थाहानगर कमिटिले पहल थालेको हो ।

बुधबार थाहामा प्रशासन कार्यालय स्थापनाको लागी मकवानपुरको प्रतिनिधि क्षेत्र नम्बर ३ सांसद महेश कुमार बर्तौलालाई एमाले थाहानगर कमिटिले ज्ञापनपत्र बुझाएको हो । मकवानपुरको उत्तरी क्षेत्रका पालिकाका नागरिकहरूलाई सेवा पुर्‍याउने गरी थाहा नगर पालिकामा इलाका प्रशासन कार्यालय स्थापनाको लागि पहल गर्ने सांसद महेश कुमार बर्तौलाले प्रतिवद्धता व्यक्त गरेका छन् ।

नेकपा एमालेका प्रमुख सचेतक समेत रहेका बर्तौलाले भने 'नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको अन्तर तह समन्वय अभावका कारण इलाका प्रशासन कार्यालय स्थापनाका लागि सिफारिस हुन सकेन, अब यस विषयलाई लिएर लाग्छु स्थापना गरेरै छाड्छु ।' 'म नेपाल सरकारको तहमा सकारात्मक परिणाम आउने गरी तुरून्तै पहल थालनी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु'उनले भने 'नागरिकले सहज सेवा लिन पाउनु संघीयताकै मर्म भएकोले पनि इलाका प्रशासन कार्यालय स्थापनामा पहल गर्छु ।'

९ भाद्र सोमबार देशभर ३३ इलाका प्रशासन कार्यालय स्थापनाको लागि सिफारिस हुँदा थाहा नगरपालिका नपरेपछि पहल अघि बढाएको एमाले थाहानगर कमिटि अध्यक्ष सुरेन्द्रमान प्रधानले जानकारी दिए ।

सांसद बर्तौलालाई बुझाइएको पत्रमा २०७१ बैशाख ३५ गते नगरपालिका घोषणा पश्चात् नै कार्यालय स्थापनाको लागि एमाले थाहानगरले निरन्तर पहल गर्दै आएको उल्लेख गरिएको छ । देशभर ३३ जिल्लामा प्रशासन कार्यालय स्थापना गर्ने निर्णय हुँदा पनि थाहा नगरपालिका पर्न नसक्नु स्थानीय सरकारको सक्रियता र निरन्तर दबाबको अभाव मुख्य कारण रहेको ज्ञापनपत्रमा ठहर गरिएको छ ।

मकवानपुरको उत्तरी क्षेत्रलाई केन्द्रित गरेर इलाका प्रशासन कार्यालय स्थापनाका लागि वि।सं। २०७३ सालदेखि नै पहल भइरहेको छ । करिब एकदशकदेखि पहल हुँदा पनि ९ भाद्रको निर्णयमा थाहा नगर पालिका सिफारिस नहुनुमा यसअघिको प्रयास पूर्णत: असफल सावित भएको स्थानीय बताउँछन् । सांसद बर्तौलाको प्रतिवद्धताले प्रशासन कार्यालय स्थापनाका लागि आश जगाएको नेकपा एमाले थाहानगर सचिव सुजन कुमार रायमाझीले बताए ।

तलब भत्ताबाट विपन्न परिवारको घर बनाउँदै मुख्यमन्त्री बानियाँ

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो तलब भत्ताबाट ३ जना विपन्न परिवारको घर बनाइदिने भएका छन् ।

दसैँ अघि नै सम्पन्न गर्ने गरी मुख्यमन्त्री बानियाँले ३ घर निर्माणको लागि सम्झौता गरेका छन् । बुधबार मात्र मुख्यमन्त्री बानियाँले मकवानपुर को राक्सिराङ गाउँपालिका वडा नम्बर १ का एक चेपाङको घर बनाउन सम्झौता गरेका छन् ।

अति विपन्न सुमनसिंह चेपाङको घर निर्माणका लागि मुख्यमन्त्री बानियाँले आफ्नो तलबबाट रकम उपलब्ध गराएका हुन् ।

निजी खर्चमा सीमान्तकृत परिवारको घर निर्माण गर्ने घोषणा गरेका मुख्यमन्त्री बानियाँले सुमनसिंह चेपाङको घर बनाउन ३ लाख रूपैयाँ रकम निर्माण प्रतिनिधिलाई हस्तान्तरण गरेका हुन् ।

राक्सिराङ गाउँपालिकाको सिफारिसमा बानियाँले आफ्नो तलब भत्ताबाट घर बनाउन रकम उपलब्ध गराएका हुन् । चेपाङ समुदायका सुमनसिंह वर्षौंदेखि झोपडीमा कष्टकर जीवन बिताउँदै आएका थिए । केही समयअघि मात्र सुमन सिंहकी



श्रीमती सुत्केरी भएकी र सोही झुपडीमा बस्न बाध्य रहेकी थिइन् ।

यसअघि मुख्यमन्त्री बानियाँले मनहरी गाउँपालिकाकी एकल दलित महिलाको लागि पनि घर बनाउने गरी सम्झौता गरेका थिए ।

गत भदौ ९ गते मुख्यमन्त्री बानियाँले मनहरी गाउँपालिका ९ कि विपन्न दलित एकल महिलाको मिठुमाया सुनारको घर निर्माणका लागि सम्झौता गरेका थिए ।

मुख्यमन्त्री बानियाँले मनहरी गाउँपालिकामार्फत ३ लाख रूपैयाँको चेक हस्तान्तरण गरेर मिठुमाया सुनारको घर बनाउने काम थाल्न निर्देशन दिएका थिए ।

मुख्यमन्त्रीको सेवा सुविधाबाट प्राप्त हुने रकमबाट आफ्नो क्षेत्रका विपन्नको घर बनाइदिने यसअघि नै घोषणा गरेका बानियाँले आफूले पाउने सेवा सुविधाबाट खर्च हुने गरी एकल महिला मिठुमाया र सुमन सिंहको घर निर्माण गर्न रकम खर्च गरेका हुन् ।

सो रकमबाट मिठुमाया र सुमन सिंहले ३ वटा कोठा, एउटा भान्छासहित घर र दुवाइलेट बाथरूम निर्माण गरिने छ । मुख्यमन्त्री बानियाँका अनुसार पहिलो चरणमा पेस्की स्वरुप दुवै घर बनाउन १/१ लाख रूपैयाँ उपलब्ध गराएको र थप रकम क्रमश: उपलब्ध गराइने छ ।

एउटा घरका लागि न्यूनतम ५ लाख रूपैयाँसम्म खर्च हुने अनुमान रहेको र सोही अनुसार काम गर्न निर्देशन दिइएको उनले बताए ।

घर निर्माणको काम द्रुत गतिमा अघि बढिरहेको र यसले चाँडै नै पूर्णता पाउने उने विश्वास व्यक्त गरे । उक्त घर दसैँ अघि नै सम्पन्न गर्ने निर्देशन दिइएको उनको भनाई छ ।

१० पालिकाको ३२ करोड फिर्ता

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर का स्थानीय तहहरूले आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदानतर्फ ३२ करोड ३२ लाख रूपैयाँ फिर्ता गरेका छन् ।

कोष तथा लेखा नियन्त्रण कार्यालय मकवानपुरका अनुसार जिललाका १० वटै स्थानीय तहले आर्थिक वर्ष २०८१।०८२ मा उक्त रकम खर्च गर्न नसकेको फिर्ता गरेको हो ।

आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदानतर्फ दुई अर्ब ९४ करोड, वित्तीय समानीकरण अनुदानतर्फ एक अर्ब १२ करोड ३४ लाख, समपूरक अनुदानतर्फ पाँच करोड ५७ लाख र विशेष अनुदानतर्फ तीन करोड ५० लाख निकासा गरिएको थियो ।

उक्त रकम मध्ये खर्च गर्न नसकेर ३२ करोड ३२ लाख फिर्ता आएको हेटौंडाका कोष तथा



लेखानियन्त्रण कार्यालय प्रमुख दिनेश रेग्मीले जानकारी दिए । विभिन्न कारणले स्थानीय तहले समयमा कार्यक्रम गर्न नसक्नु, समयमा योजना सफल गर्न नसक्नुलगायत कारणले सशर्त अनुदानतर्फको बजेट फिर्ता भएको प्रमुख रेग्मीले बताए ।

बागमती प्रदेशको ४२ करोड फिर्ता

त्यसैगरी, बागमती प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/०८२ मा ४२ करोड फिर्ता भएको छ ।

प्रमुख रेग्मीका अनुसार प्रदेशले खर्च गर्न नसकेर उक्त रकम फिर्ता आएको हो । प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१।०८२ मा ११ अर्ब ९६ करोड बजेट निकासा दिइएकोमा ११ अर्ब ४७ करोड मात्र खर्च भएको रेग्मी जानकारी दिए ।

इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ, त्यसैले :

- ❖ इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- ❖ यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- ❖ धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- ❖ इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- ❖ स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौ,

स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड